# संवाद, समझदारी र मेलमिलापका लागि मिडिया

– विनयकुमार कसजू

मिडियाले मानिसका धारणा र व्यवहारमा कसरी प्रभाव पार्छ ? समाजमा संवाद, आपसी समझदारी र मेलमिलाप बढाउन मिडियाको क्षमता कति छ ? मिडियाको यो भूमिकालाई बलियो बनाउने कसरी ? यो वर्षको विश्व प्रेस स्वतन्त्रता दिवसको मूल विषय र उद्देश्य यही हो ।

विश्व प्रेस स्वतन्त्रता दिवस हरेक वर्ष मे ३ को दिन मनाइन्छ । यो दिवस मनाउनुको मुख्य उद्देश्य प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रता मौलिक मानवअधिकार हुन् भन्ने सन्देश दिनु हो । आजको दिनले जनतालाई समाचार दिनका लागि पत्रकारहरुले जेलनेल, यातना र मृत्यु समेत वरण गर्छन् भन्ने सम्झना दिलाउँछ । साथै पत्रकारिताको कर्तव्य पालन गर्ने सिलसिलामा दुःख कष्ट सहने र ज्यानको बाजी थाप्ने साहसिला पत्रकारहरुलाई श्रद्धान्जली र सम्मान अर्पण गर्ने अवसर पनि दिन्छ । कतिपय देशमा आजको दिनमा पत्रकारहरुलाई पुरस्कृत र सम्मानित गर्ने कार्यक्रमहरु आयोजना गरिन्छन् । आजको दिनमा पत्रकारहरुले छुट्टी मनाउँदैन, बरु झन बढी मेहनत गर्ने संकल्प गर्छन् ।

स्वाधीन (इन्डिपेन्डेन्ट) र बहुलबादी अफ्रिकी प्रेस प्रवर्द्धन गर्नको लागि सन् १९९१ मा नामिवियामा भएको गोष्ठीको उपलब्धि स्वरुप संयुक्त राष्ट्रसंघको साधारण सभाले सन् १९९३ को डिसेम्बरमा  विश्व प्रेस स्वतन्त्रता दिवस मनाउने निर्णय गरेको थियो । नामिविया गोष्ठीको उपलब्धि स्वरुप सन् १९९३ मे ३ को दिन स्वाधीन र बहुलवादी मिडियाका लागि विंडहक घोषणा जारी गरिएको थियो ।

विंडहक घोषणाले स्वाधीन/आत्मनिर्भर, बहुलवादी र स्वतन्त्र (फ्री) प्रेस स्थापना, संचालन र हुर्काउन आह्वान गरेको थियो । सो घोषणले कुनै पनि मुलुकमा लोकतन्त्रको विकास र सुसंचालनका साथै आर्थिक विकासका लागि स्वतन्त्र प्रेसको महत्वमाथि जोड दिएको थियो ।

विश्व प्रेस स्वतन्त्रता दिवस १९९३ देखि औपचारिक रुपमा मनाउन थालिएको भएता पनि यसको सैद्धान्तिक आधार सन् १९४८ को मानवअधिकार विश्व घोषणाको धारा १९ मा छ । सो धारामा भनिएको छ : “हरेक व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता छ । यो अधिकारभित्र कुनै बाधा बिना कुनै पनि विचार मान्ने र कुनै पनि माध्यमबाट र सीमाको बन्धनबिना सूचना खोज्ने, पाउने र बाँडने स्वतन्त्रता पर्छ ।”

संयुक्त राष्ट्रसंघको शिक्षा, विज्ञान तथा संस्कृतिसम्बन्धी संस्था युनेस्कोले सन् १९९७ देखि अभिव्यक्ति स्वतन्त्रताको रक्षा र प्रवर्द्धनका लागि साहसिक कार्य गर्ने व्यक्ति वा संस्थालाई युनेस्को/गुइलेर्मो कानो विश्व प्रेस स्वतन्त्रता पुरस्कार दिँदै आएको छ । पत्रकार गुलेर्मो कानो सन् १९८६ मा लागू पदार्थ तस्करको विरोधमा कलम चलाउँदा मारिएका थिए र उनैको सम्मान र सम्झनामा उक्त पुरस्कारको स्थापना गरिएको हो । यो साल उक्त

पुरस्कार श्रीलंकामा केही महिनाअघि मारिएका पत्रकार लसान्त विक्रमतुंगेलाई मरणोपरान्त दिइँदैछ ।

यस वर्षको विश्व प्रेस स्वतन्त्रता दिवसको उपलक्ष्यमा युनेस्कोका महानिर्देशक कोइचिरो मात्सुआराले मिडियाको नयाँ भूमिकामाथि जोड दिएका छन् । उनको भनाइ छ, “हामीले हाम्रो पुर्खाबाट वंशागत रुपमा पाएका (विभिन्न समुदायका बारेमा) पूर्वाग्रहयुक्त/आधारहीन धारणाहरुलाई आलोचनात्मक दृष्टिले हेर्ने साथै वैकल्पिक धारणाप्रति सहिष्णुतायुक्त दृष्टकोण राख्ने मिडियाको विकास गर्ने प्रयासलाई बलियो बनाउनुपर्छ । यस्तो मिडिया जसले एकअर्कासँग प्रतिस्पर्धी समाचार/विषयवस्तुलाई आपसमा निर्भर साझा समाचार/विषयवस्तुमा  परिणत गर्छ । यस्तो मिडिया जसले विविधतालाई संवादद्वारा सम्बोधन गर्छ ।”

महानिर्देशक कोइचिरोले भनेजस्तो मिडिया अहिले नेपाललाई जति खाँचो छ शायद अरु कुनै देशलाई त्यति खाँचो छैन होला । किनकि विविधता र प्रतिस्पर्धी धारणा तथा कतिपय मामिलामा विभिन्न समुदायबारे पूर्वाग्रह, दूराग्रह र भ्रम व्याप्त भएको अहिलेको नेपाललाई विखण्डित हुनबाट जोगाएर साझा संघीय गणतन्त्र बनाउनका लागि नेपाली मिडियाले कोइचिरोले भनेजस्तो संयोजक, सन्तुलक र समन्वयकारी भूमिका खेल्नु अत्यन्त आवश्यक छ ।

यो ऐतिहासिक दायित्व पूरा गर्नका लागि विविध समुदाय र शक्तिहरुबीच संवाद, समझदारी र मेलमिलाप गराउने र बढाउने मिडियाको भूमिकालाई नेपाली मिडियाले बुझ्न पर्छ र त्यो भूमिका पूरा गर्नको लागि क्षमता, सीप र प्रयास बढाउनै पर्छ । नत्र देशमा कुनै राजनीतिक दुर्घटना भयो भने त्यसबाट मिडिया अछुतो रहन संभव छैन ।

धार्मिक, सांस्कृतक तथा क्षेत्रीय पूर्वाग्रह, दूराग्रह तथा भ्रमहरुले गर्दा विश्वभरि नै विभिन्न धार्मिक, सांस्कृतक तथा क्षेत्रीय शक्ति र समुदायबीच समझदारी र सहिष्णुता बढाउने खाँचो बढिरहेको छ । विभिन्न समुदायहरुबीच संवाद सकेसम्म धेरै बढाउनु आवशयक छ । यो काम गर्नका लागि मिडिया जति प्रभावकारी औजार अरु कुनै हुन सक्तैन । तर मिडियालाई यो भूमिका खेल्न लगाउनका लागि मिडियाको स्वाधीनता, बहुलवादिता र स्वतन्त्रतालाई दरिलो पार्नु आवश्यक हुन्छ ।

मिडियाको स्वाधीनता यसको स्वामित्व, संचालन, संरचना, बजार, विज्ञापन र अर्थतन्त्रसँग सम्बन्धित छ भने यसका बहुदलीयता मिडियाको हुर्काइ/अरु विचारप्रत सहिष्णुता र राजनीतिक व्यवस्थासँग सम्बन्धित छ । मिडियाको स्वतन्त्रता देशको राजनीतिक व्यवस्थामा मात्रै भर पर्दैन, अधिकांश रुपमा पत्रकारहरुको पेशागत सीप, नैतिक मूल्यमान्यता, समाजप्रति जवाफदेहिता, आत्मानुशासन र स्वाभिमानमा भर पर्छ । यस दृष्टिले नेपाली मिडियालाई स्वाधीन, बहुलवादी/सहिष्णु तथा स्वतन्त्र बनाउनका लागि आर्थिक, राजनीतिक तथा व्यावसायिक (प्रोफेसनल) दृष्टिले धेरै काम गर्नु बाकी नै छ ।

सरकारको एउटा प्रमुख शक्ति सेना र प्रहरी हो । लोकतन्त्रमा सेना सरकारको अधीनमा रहन्छ, समानान्तर शक्तिको रुपमा रहन्न । त्यस्तै एक्काइसौं शताब्दीमा जनताको शक्ति भनेको मत वा विचार हो जो समर्थन वा विरोधको रुपमा मिडियाबाट अभिव्यक्त हुन्छ

। अतः लोकतन्त्रमा मिडिया जनताको पक्षमा हुन्छ, हुनुपर्छ । सेना र प्रेस दुबै शक्ति हुन् । एउटा भौतिक शक्ति (हार्ड पावर) अर्को  जनमत निर्माण गर्ने, कन्भिन्स गराउने शक्ति ( सफ्ट पावर) । लोकतन्त्रमा सेना र प्रेस दुबै शक्ति सरकार पल्टाउने खेलमा सामेल हुँदैनन्, न त समानान्तर शक्तिको भूमिका नै खेल्छन् ।

लोकतन्त्रको आधार नै जनमत हो र मिडियाले सकेसम्म धेरै र विपरीत विचार, दृष्टिकोण, आवाजबारे नागरिकलाई सुसूचित गर्दै सहभागिता, आलोचना/विश्लेषण, जनमत निर्माण र मतदान गर्न सघाउँछ । तर मिडियाले आफ्नो लागि जनमत बनाउँदैन । न त कुनै शक्ति विशेषका लागि जनमत बनाउँछ । सच्चा/प्रोफेसनल प्रेस कसैको शत्रु हुँदैन, स्थायी शत्रु त हुँदै हुँदैन । जनताबाहेक प्रेसको स्थायी मित्र पनि कोही हुँदैन । यदि प्रेसले कसैलाई स्थायी मित्र ठान्यो वा बनाउन खोज्यो भने पत्रकारिताको मौलिक तथा नैतिक धर्मबाट त्यो खस्किन्छ र त्यसको पतन सुरु हुन्छ, चाहे त्यो मित्र सरकार होस्, चाहे कुनै राजनीतिक दल होस चाहे आर्थिक शक्ति नै किन नहोस् ।

अहिले नेपाल जुन ऐतिहासिक कालखण्डमा उभिएकोछ त्यसमा राजनीतिक दलहरुको भन्दा पनि जनमतको भूमिका र प्रत्यक्ष रुपमा प्रेसको भूमिका बढी आवश्यक देखिँदैछ । संविधानसभाको चुनावमा कुनै पनि दललाई जनताले स्पष्ट बहुमत नदिएको, सबै ठूला दलहरु संविधान बनाउने मूल जिम्मेवारीलाई बिर्सेर सत्ताको पुरानै खेलमा लिप्त रहेको, राज्य पुनःसंरचनाको आधारबारे बहस पर्याप्त र स्पष्ट रुपमा नभएको कारणले विखण्डनको आशंका बढेको, नागरिक सत्ता र देशभित्रका शक्तिको ठाउँमा नागरिकले नचुनेका र नचिनेका शक्तिलाई सक्रिय बनाउने प्रयासको संभावना बढेको यो जटिल परिस्थितिमा नेपाली प्रेसले फेरि आफ्नो स्वतन्त्र अस्तित्वका साथै लोकतन्त्रको रक्षाका लागि पनि विगतमाझैँ तर अझै बढि बौद्धिक, सन्तुलित र सशक्त भूमिका खेल्नु पर्ने आवश्यकता दिनदिनै बढिरहेको छ । आफ्नो लागि मात्रै सोच्ने बेला यो पक्कै पनि होइन ।

अन्नपूर्ण पोष्ट दैनिक : २०६६ बैशाख २० गते प्रकाशित ।